लुम्बिनी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय Tel No:071-587793
**भीम अस्पताल** Email: admin.bhimhospital@lumbini.gov.np
भैरहवा, रुपन्देही

पत्र संख्या:२०८३/०८४ मिति: २०८३/०५/०८

**विषय: काउन्टर / टोकन मेसिन / TSC स्टिकर रोल तथा वाक्स रिबन सप्लाईका सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना।**

यस भीम अस्पतालमा उपचारार्थ आउने सेवाग्राहीका लागि सेवा उपलब्ध गराउन आवश्यक पर्ने विभिन्न TSC स्टिकर रोल र टोकन मेसिन लगायत अस्पताललाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामग्रीहरू चालु आ. व. २०८३/०८४ मा सप्लाई सम्बन्धी कामको बन्दोबस्त गर्नुपर्ने भएकाले यो ७ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही इजाजत प्राप्त फर्महरूबाट बोलपत्र आह्वान गरिन्छ।

| क्र.स. | ठेक्का नं. | विवरण | धरौटी रकम |
|---|---|---|---|
| १ | SQ 1-083/84 | काउन्टर, टोकन मेसिन, TSC स्टिकर रोल र वाक्स रिबन | २२०३४।०० |

**तपसिल**

१. दरभाउ पत्र यो सूचना प्रकाशित भएको मितिले ७औं दिन कार्यालय समयसम्म नेपाली नागरिकताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकृत आयकर दर्ताको प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि सहित प्रत्येक फारामको रु. १०००।०० एक हजार रुपैयाँ मात्र (पछि फिर्ता नहुने गरी) नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ।

२.खरिद गरिएको दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजेभित्रसम्म धरौटी बापतको रकम रा. बा. बैंकको प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको धरौटी खाता नं. ३१२०१००२०२०३०००० मा कार्यालय कोड नं. ३७००१४८०४५ मा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकबाट यस अस्पतालका नाउँमा जारी भएको जमानत (दरभाउपत्र दाखिला गर्ने मितिबाट कम्तिमा ७५ दिनको मान्य अवधि भएको बिडबण्ड सलग्न राखी आवश्यक विवरणहरू स्पष्टसँग भरी सही छाप समेत गरी सिलबन्दी गरी खामको बाहिर "भीम अस्पताल, रुपन्देही, चालु आ. व. २०८३/०८४ का लागि काउन्टर टोकन मेसिन, TSC स्टिकर रोल र वाक्स रिबन" उल्लेख गरी अस्पताललाई सम्बोधन गरिएको दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ।

३. दर्ता हुन आएका दरभाउपत्रहरू ८ औं दिन दिनको २ (दुई) बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्र दाता ठेकेदार वा निजका प्रतिनिधिहरूको रोहवरमा यस अस्पतालमा खोलिनेछ। ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन, बिदा परेमा सोको भोलिपल्ट र लगत्तै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५.दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट कबुल गर्नुपर्नेछ। दर तथा जम्मा महलमा अंक अक्षर दुवै प्रष्टसँग भर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिनेछ।

६.ठेक्का अवधिभर मूल्यवृद्धि दिइने छैन। सम्झौता सँग दिइएको दररेटमा ठेकेदार आफैले माग गरिएका सामग्रीहरू नियमित रूपमा अस्पतालमा सप्लाई दिनु पर्ने छ।

७.रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस अस्पताललाई हुनेछ।

८.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ।

९.अन्य कुराहरू बुझ्नुपरेमा कार्यालय समयभित्र कार्यालय प्रशासन शाखामा बुझ्न सकिनेछ।

अस्पताल प्रमुख